# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, असोज ८ गते, २०८१ साल (अतिरिक्ताङ्क १९

## भाग २

## प्रदेश लोक सेवा आयोगको सूचना

### गण्डकी प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) नियमावली, २०८१

गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश लोक सेवा आयोगले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "गण्डकी प्रदेश लोक सेवा आयोग (पहिलो संशोधन) नियमावली, २०८१" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ३२ मा संशोधनः</u>** गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० (यस पछि मूल नियमावली भनिएको) को नियम ३२ को उपनियम (१) पछि देहायका उपनियम (१क) र (१ख) थपिएका छन्:-

"(१क) उपनियम (१) बमोजिम नतिजा प्रकाशन गर्दा अन्तरतह प्रतियोगिता, आन्तरिक प्रतियोगिता तथा समावेशी समूहतर्फ छुट्टाइएको सबै वा केही पद पूर्ति हुन नसकेमा सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने भनी सेवा शर्तसम्बन्धी कानूनमा उल्लेख भएबमोजिम त्यसरी पूर्ति हुन नसकेका पद एकीन गरी खुला तर्फको पदसंख्यामा जोडी हुन आउने पदसंख्यालाई रिक्त पदसंख्या मान्नु पर्नेछ ।

(१ख) उपनियम (१क) बमोजिम पदसंख्या कायम हुने विषय नियम ११ को उपनियम (१) बमोजिम प्रकाशन हुने विज्ञापनको सूचनामा उल्लेख गर्नु पर्नेछ ।"

३. **<u>मूल नियमावलीको नियम ६६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ६६ को उपनियम (४) पछि देहायको उपनियम (५) थपिएको छः-

"(५) यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि विषयगत परीक्षामा सहयोगी लेखक खटाइएको उम्मेद्वारको हकमा तोकिएको समयावधिमा प्रतिघण्टा १० मिनेटका दरले समय थप गर्न सकिनेछ ।"

४. **<u>मूल नियमावलीको अनुसूची - ५ मा संशोधनः</u>** मूल नियमावलीको अनुसूची - ५ को खण्ड (ख) को सट्टा यसैसाथ संलग्न बमोजिमको खण्ड (ख) राखिएको छ।

"(ख) विषयगत उत्तरपुस्तिकाको आवरण पृष्ठको ढाँचा र पालना गर्नुपर्ने शर्तहरू

**प्रदेश लोक सेवा आयोग**

पहिलो कोड नं.                विषयगत उत्तरपुस्तिकाको आवरण पृष्ठ                पहिलो कोड नं.

प्रदेश लोक सेवा आयोग
लिखित परीक्षा

एकीकृत परीक्षा हुने वि.नं.हरुमा दरखास्त फारम भर्ने उम्मेदवारले वि.नं. र रोल नं. उल्लेख गर्नु होला।

आ.प्र., अन्तर तह, खुला, समावेशी तर्फका उम्मेदवारहरुले कुन-कुन समूहका परीक्षामा संलग्न हुनु भएको हो अनिवार्य रुपले (√) चिन्ह लगाउनुहोस्।

| | | | |
|---|---|---|---|
| १. आ.प्र. | | | |
| २. अन्तर तह | | | |
| ३ .खुला | | | |
| ४. महिला | | ८. अपाङ्ग | |
| ५ .आ.ज. | | ९. थारु | |
| ६. दलित | | १०. मुस्लिम | |
| ७.वि.खस आर्य | | ११. मधेसी | |

दोस्रो कोड नं.

| वि.नं. | रोल नं. |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

केन्द्राध्यक्षको दस्तखत

दोस्रो कोड नं.

**सूचना**

१ . उत्तरपुस्तिकाको हरेक पानाको माथि र बायाँतर्फ १ इन्ज किनारा (मार्जिन) छोड्नुपर्दछ।

२ . यस कभर पेजको पछाडिपट्टि केही पनि नलेख्नुहोला ।

३ . यस पानाको दायाँ तथा बायाँपट्टि परीक्षार्थीले भर्नुपर्ने विवरण राम्रोसँग भर्नुपर्नेछ सो बाहेक यस उत्तरपुस्तिका तथा थप उत्तरपुस्तिकामा आफूलाई चिनाउने कुनै संकेत वा कुनै चिन्ह लगाएमा त्यस्तो उत्तरपुस्तिका रद्द हुनेछ।

४ . विषयगत परीक्षा हुनेमा परीक्षा सुरु भएको ३० मिनेट पछि , मिनेटपछि र विषयगत तथा वस्तुगत १५ वस्तुगत परीक्षा हुनेमा मिनेटपछि परीक्षा केन्द्रमा प्रवेश गर्न २० परीक्षा हुनेमा पाइनेछैन। उल्लेखित समय व्यतीत भएको १० मिनेटपछि मात्र परीक्षा भवन बाहिर जान अनुमति दिइनेछ।

५ . परीक्षा हलभित्र कुनै पुस्तक, कागजपत्र , झोला, मोबाइल फोन र स्मार्ट वाच लगायतका विद्युतीय उपकरण ल्याउन पाइने छैन।

६ . परीक्षामा कुनै प्रकारको अनुचित काम कारबाही गर्ने परीक्षार्थीलाई परीक्षास्थलबाट निष्काशित गरी निजको उत्तरपुस्तिका समेत रद्द गरिनेछ र आयोगको निर्णय बमोजिम कारबाही हुनेछ।

७ . उत्तरपुस्तिकाको पानाको दुबैपट्टी कालो मसीले लेख्नु पर्दछ ,ड्रोइङ, डिजाइन गर्नुपर्ने अवस्थामा बाहेक पेन्सिल वा अरु मसीले लेख्नु हुदैन।

८ . थप कापीहरु लिएको भए उत्तरपुस्तिकाहरु राम्रोसँग नत्थी गरिदिनु पर्दछ। थप उत्तरपुस्तिकामा नाम र रोल नं. उल्लेख गरेमा उत्तरपुस्तिका स्वतः रद्द हुनेछ।

१. विज्ञापन नं. : ..................................................
२. सेवा/समूह/उपसमूहः ........................................
३. पद, तह ......................................................
४. विषयः ........................................................
५. परीक्षा मितिः ..............................................
६. थप कापी संख्याः ..........................................

**************************************************
प्रासाङ्ग .................. अक्षरमा ..................................

पदः ...................... तह ..............................

| सेवा | | | | | |
|---|---|---|---|---|---|
| समूह | | | | | |
| उपसमूह | | | | | |

मास्टर आइडीः ........................................................

नाम, थर : (नेपालीमा) ..............................................

(अंग्रेजीमा) ..........................................

स्थायी ठेगानाः .....................................................

आमाको नाम, थरः ................................................

बाबुको नाम, थरः ..................................................

बाजेको नाम, थरः ................................................

दस्तखतः ..............................................................

विषयः .................... प्रश्न नं. ......... खण्डः ...........

परीक्षा केन्द्रः .........................................................

परीक्षा मितिः .......................................................

सहायक केन्द्राध्यक्षको दस्तखत"

आज्ञाले,

दामोदर सुवेदी

निमित्त सचिव ।

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.१०।-